

# बाखा पालन व्यवसाय गरी ग्रामीण रोजगारी बढाऔं, आय आर्यनमा बृद्धि गरौं

डा.बालक चौधरी
किसानका लागि उन्नत वीउ विजन कार्यक्रम,
वुटवल

## १. परिचय

नेपालमा ३५४७०१९ कृषक परिवारले १०१७७ हजार वाखा पालन गरेको कृषि विकास मन्त्रालयको तथ्याङ्क, (२०११) ले देखाउदछ । यस अनुसार प्रति कृषक परिवारले सालाखाला २.८७ वाखा पालन गरेको देखिन्छ । मासु, दूध, छाला, रौ., मल आदिको प्रयोग हुने बाखा एक बहुउद्देश्यीय जनावर हो । नेपालमा मुख्यतः वाखापालन मासु उत्पादनमा बढि देखिन्छ भने छाला र पश्मिना उत्पादनमा उत्तिकैं सहयोग गरेको छ । सुदुर पश्चिम क्षेत्रमा वाखा र भेडालाई ढुवानीको साधनमा समेत प्रयोग गरेको पाइन्छ । एशियाली मुलुकहरुमा वाखा मासुको लागि (मासुमा पानी, बोसो, प्रोटिन र खनिज पदार्थ क्रमशः ७६.८, २.६, १९.६ र १.० प्रतिशत) लोकप्रिय छ भने पूर्वी युरोप र अफ्रिकामा दूध उत्पादनमा समेत सहयोग गरेको छ ।

## २. नेपालमा पालिने वाखाको जात

| भौगोलिक क्षेत्र | स्थानीय | आयातित | कैफियत |
|---|---|---|---|
| तराई | तराई वाखा | जमुनापारी, वारवेरी, बङ्गाल | तराई क्षेत्रमा राम्रो भएको पाइएको |
| मध्य पहाड | खरी | जमुनापारी, बारवेरी, विकानेरी | खरी नेपालको मुख्य बाखा |
| उच्च पहाड | सिन्हाल | बारवेरी, विटल | सन्तोषजनक उत्पादन दिन नसकेको |
| हिमाल | च्याङ्ग्रा | कासमिरी | ठण्डा हावापानीमा पाल्न सकिने, पश्मिना उत्पादन |

**नोटः** नेपालमा ५० प्रतिशत भन्दा बढि खरी बाखा रहेको, एक वर्षमा १.५ पटक व्याउने, प्रतिवेत औषत २ वटा पाठा पाठी जन्माउने र २० देखी ४० के.जी. हुने स्थापित बाखा हो ।

## ३. खोर

साधारणतः १५ वटा माउ बाखाका लागि ११.२५ बर्ग मिटर उपयुक्त हुन्छ । व्यवस्थित खोरको प्रकृति निम्न अनुसार हुनु पर्दछ ।

| क.स. | विवरण | कैफियत |
|---|---|---|
| १. | घाम लाग्ने | खोर दक्षिण अथवा पूर्वी मोहडा भएको हुनु पर्ने |
| २. | वर्षाको पानीवाट बचाउने | स्याउला अथवा जस्ताको पाताले छाना छाएको हुनु पर्ने |
| ३. | पानी नजम्ने | पानी, मुत्र बग्न सतह सोही अनुसार बनाएको हुनु पर्ने |
| ४. | अन्य जनावरबनट वचाउने | खोर वरिपरी तारवारले घेरेको हुनु पर्ने |
| ५. | परजिवी न्युनीकरण गर्ने | खोर सफा, हावादार र वरिपरी झ्याङ्ग, झारी रहित हुनु पर्ने |

## ४. चरन तथा आहारा

नेपाल भौगोलिक हिसावले विषम हावापानी भएको मुलुक हो । यहाँ सोही अनुकूल बनस्पतिहरु पनि पाइन्छन । मध्य पहाडी क्षेत्र (१८०० मिटर उचाई) सम्म अलि गरम हुने, धेरै पानी पर्ने, पाखो तथा कान्लामा भूईघाँस र डालेघाँस राम्ररी हुर्कने अनुकूल वातावरण हो । बाख्राले न्यानो हावापानी अधिक मन पराउने, ओभानो घाँस खाने जनावर हुने हुदा यस हावापानीमा राम्ररी फष्टाउदछ । बाख्राले अधिक मन पराउने डाले घाँसहरुमा वडहर, सेतो चुलेत्रो, टांकी, कोइरालो, कुटमिरो, इपिल इपिल, किम्वु, निमारो, काब्रो, खन्यु, कोइरालो, टांकी आदि हिउँद याममा पुग्ने गरी लगाउनु पर्दछ ।

दैनिक प्रति बाख्रा ३ देखि ५ के.जी. हरियो घाँस खान वर्सिम, जै, नेपियर, भेच, सुडान, सोरगम, टिओसेन्टि (ओट), सेटारिया आदि भूईघाँसहरु पनि प्रशस्त लगाई उत्पादन लागत घटाउनु व्यवसायिक पशुपालनमा जोड दिनु पर्दछ ।

बनजंगल नजिक हुने ठाउँमा बाख्रालाई बनजंगलमा चराउने बानीले व्यवसायिक पशुपालन नहुने अर्कोतर्फ जंगलको विनासले वातावरणीय क्षेती हुनेछन । खुला रुपमा बाख्रा पालन गर्दा उचित स्याहार सुसार कम हुने, रोगव्याधि लाग्ने, बच्चा हुर्काउने क्षमतामा कमी आउने तथा जाडो याममा पाठापाठीको अधिक मृत्यु हुने पाइएको छ ।

बाख्रावाट अधिक मात्रामा उत्पादन लिन आहाराको राम्रो वन्दोवस्त हुनु पर्दछ । स्वस्थ्य पाठापाठी पाउन, माउले राम्ररी दूध दिएर पाठापाठी छिटो हुर्काउन आहारामा उचित पोषकतत्व जिवित तौलको २.५ देखी ३.० प्रतिशत ड्राइमेटर (४-५ केजी हरियो घाँस) हुनु पर्दछ । हरियो घाँसमा कोषे र अकोषेको अनुपात क्रमशः १:३ को हुनु वेश हुन्छ ।

बाख्राले प्रोटिनयुक्त कोशे वाली, हरियो घाँसपात तथा शुष्क घाँस (हे) बढि मन पराउँदछ । यसले छानी छानीकन चरने गर्दछ । बाख्राले साइलेज र पराल खान रुचाउदैन । डाले घांस अधिक रुचाउँदछन । बाख्राले तीतो, नुनिलो, अमिलो र गुलियो छुट्याउन सक्दछन । गाई भैंसीले भन्दा अधिक तीतो बाख्राले खान रुचाउछन । ताजा घाँस वाख्राले अति मन पराउँदछन । अरु जनावरले चलाई सकेकेको घाँसपात तथा स्वयं कुल्चेर खाने मन पराउदैन । घाँसपात दिदा न्याक वा मुठा बाधि झुण्डाएर दिनु पर्दछ ।

## ५. पाठापाठीको व्यवस्थापन

- व्याएपछि पाठापाठीको न्याल पुच्ने, मुख, नाक, जिब्रो सफा पार्ने, सम्भव भए सफा पानीले नुहाई दिने ।
- जन्मेपछि २ इञ्च छाडी धागोले वाँधी नाभी काट्ने र टिंचर आयोडिन लगाउने ।
- थुन सफा गरी विगौती दूध चुस्न लगाउने ।
- जाडो महीनामा पाठापाठीलाई न्यानो कपडाले लपेट्नु पर्दछ ।

- चार महीना पुगेपछि जुकाको औषधि खुवाउने ।
- करिव ९० दिन पुगेपछि माउको दूध छुटाउने ।
- पाठालाई एक महीनापछि खसी पार्ने ।
- कानमा ट्याग लगाउने ।
- आवश्कता अनुसार सिंङ र खुर काट्ने ।

नोटः  बोकामा बोसो कम लाग्ने, खसीको तुलनामा छिटो बढ्ने, मासु उत्पादन खर्च कम लाग्ने, मासुमा बोकाको गन्ध आउँदछ ।

## ६. बाखाका मुख्य रोगहरु

| क.स. | रोगहरु | लक्षण | प्राथमिक उपचार |
|---|---|---|---|
| १. | पड्के | कडा ज्वरो आउने, मलद्वार, नाक, मुखबाट नजम्ने रगत बग्ने, मर्ने | रोग विरुद्ध खोप लगाउने । रोग लागेपछि एन्टिवायोटिकको लगाउने दिने । |
| २. | चरचरे | मासुको भागमा हावा भर्ने, थिच्दा चरचर आवाज आउने । | रोग विरुद्ध रोप लगाउने । रोग लागेपछि एन्टिवायोटिकको सूई दिने । |
| ३. | भ्यागुते | ज्वरो आउने, श्वास फेर्न असजिलो हुने, घ्यार घ्यार आवाज आउने, च्याल काढ्ने | रोग विरुद्ध खोप लगाउने । रोग लागेपछि एन्टिवायोटिकको सूई दिने । |
| ४. | निमोनियाँ | खोक्ने, सिंगान आउने, ज्वरो आउने, श्वास फेर्न गाह्रो हुने | खोर नियमित सरसफाई गर्ने । जाडो याममा खोर न्यानो राख्ने व्यवस्था मिलाउने रोग लागेपछि एन्टिवायोटिकको सूई दिने । |
| ५. | तुहिने | समय नपुग्दै बच्चा फाल्ने, मरेको पाठापाठी जन्मिने, साल नझर्ने | साल निकाल्ने व्यवस्था गर्ने । एन्टिवायोटिकको सूई दिने । |
| ६. | आँखा पाक्ने | चिप्रा लाग्ने, आँखा सुन्निने । | फिटकिरी वा बोरिक एसिडले आँखा धुने |

नोटः आन्तरिक परजिवी नियनत्रण गर्न औषधी खुवाउनु पर्ने, बाह्रय परजिवी नियन्त्रण गर्न झोल, धुलो औषधीहरु खोर र खोर वरिपरी छर्कनु पर्ने, बाखालाई डिपिङ्ग गर्नु पर्ने र कडाखाले रोग विरुद्ध समयमैं खोप लगाउनु पर्ने हुन्छ ।

## ७. प्रजनन

वाखा ९ महीनाको उमेरसम्ममा प्रजनन योग्य हुन्छ । माउ बाखा सात वर्षसम्म वढि उत्पादनशील हुन्छ । बोका लागेको १४८ देखी १५४ दिनमा ब्याउछ । ब्याएको ३ देखी ५ हप्तामा पुनः वाली खोज्दछ । त्यस्तै बोका ६ देखी ९ महीनाको उमेरमा प्रजनन योग्य हुन्छ । तर वाली लगाउदा बोकाको उमेर १५ महीना नाघेको राम्रो हुन्छ । नाता लाग्ने वीच (इनब्रिडिङ्ग) प्रजनन हुन नदिन प्रत्येक २ वर्षमा बोका बदल्नु पर्दछ ।

## ८. बजार व्यवस्थापन

बाख्राको मासु अन्य मासुको तुलनामा धेरैले मनपराउने हुँदा बजारको माग अधिक छ । नेपालमा उत्पादन हुने बाख्राको मासु बजारको माग २० प्रतिशत मात्र पूरा गर्ने रहेकाले यो अधिक दीगो व्यवसाय हो । कमसेकम १५ वटा माउ बाख्रा पालन गरी राम्रो वार्षिक आम्दानी लिन सकिन्छ ।

## ९. आर्थिक विवरण विश्लेषण (१५ माउ बाख्रा)

क. पूजिंगत खर्च

| क.स. | विवरण | इकाई | परिमाण | दर (रु.) | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | माउ वाख्रा | ओटा | १५ | ७००० | १०५००० |
| २. | बोका | ओटा | १ | १०००० | १०००० |
| ३. | खोर निर्माण | पटक | १ | ३५००० | ३५००० |
| ४. | अन्य उपकणहरु | | | २०००० | २०००० |
| | जम्मा | | | | १७०००० |

### ख. चालु खर्च

| क.स. | विवरण | इकाई | परिमाण | दर (रु.) | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | ज्यामी | ओटा | १ | ७५०० | ९०००० |
| २. | घाँस उत्पादन खर्च | | | २०००० | २०००० |
| ३. | दाना | के.जी. | १४४० | ३५ | ५०४०० |
| ४. | औषधी उपचार | | | ४५०० | ४५०० |
| | अन्य | | | ५००० | ५००० |
| | | | | | १६९९०० |

### ग. वार्षिक खर्च

सावाको व्याज (पूजिगत+ चालु खर्चको)=(१७००००+१६९९००) =३३९९००x६ % =२०३९४
चालु खर्च= १६९९००
कूल बार्षिक खर्च= (चालु खर्च+ सावा व्याज)= १९०२९४

### घ. बार्षिक आम्दानी

| क.स. | विवरण | इकाई | परिमाण | दर | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | पाठा विक्री | ओटा | १४ | ७२०० | १००८०० |
| २. | बोका विक्री | | १४ | ७२०० | १००८०० |
| ३. | वडकौलो | के.जी. | २१६० | १.५ | ३२४० |
| | | | | | २०४८४० |

नोटः १५ माउ बाखा मध्ये ८०% ले मात्र गर्भिनी तथा व्याउने, एक पटकमा २ पाठापाठी दिने, वर्षमा १.५ पटक व्याउने (२ वर्षमा ३ पटक व्याउने), पाठापाठी औषत १० % ले मर्ने र पाठापाठी जन्मने दर ५०/५०% ले हिसाव गरीएको छ । त्यस्तै माउ वाखाले दैनिक ४०० ग्रामका दरले बडकौलो दिने हिसाव गरीएको छ । पाठापाठीको वडकौलो आफ्नै घाँसवारीमा मलको रुपमा प्रयोग गरीनेछ । घाँसखेती आफ्नै रहेको, नेपाल सरकारले तोकेको सहुलियत व्यजदरमा ऋण लिनेछ ।
खुद आम्दानी = (बार्षिक आम्दानी- वार्षिक खर्च) = (२०४८४०-१९०२९४) = १४५४६

नोटः पूजिंगत खरीद बोका तथा माउ वाखा सम्पतिको रुपमा देखिन्छ । दोश्रो वर्षदेखी अम्दानी अझ बढ्ने सम्भाव्य हुनेछ ।

## १०. निष्कर्ष

हावापानीको दृष्टिकोणले बाखापालन पहाडी क्षेत्रमा बढि सम्भाव्य छ । बढि आद्रता (हावामा पानीको मात्रा बढि) भएको ठाउँमा बाखापालन उपयुक्त हुदैन । कम लागतमा वाखापालन गर्न दानामा भन्दा हरियो घाँस तथा डाले घाँसमा बढि जोड दिनु पर्दछ । दानाको अत्यधिक प्रयोगले वाखाको उत्पादन खर्च सामानुपातिक रुपमा वृद्धि हुन सक्ने तर वजार भएमा सोही अनुकूल मासु विक्री हुन नसक्ने सम्भावना हुन सक्दछ । परम्परगत बाखा पालन प्रकृयालाई त्यागी आधुनिक तरिकाबाट पालन गर्नु अगावै चरन तथा आहाराको बाह्रै महीना आपूर्ति सुनिश्चित गर्नु पर्दछ । घाँस उत्पादन खाली प्राकृतिक श्रोतमा भर पर्नुभन्दा भौगोलिक दृष्किोणले उपयुक्त हुने भूई घाँस तथा डाले घाँसको समुचित प्रवन्ध मिलाउनु व्यवसायिक बाखा पालनमा अपरिहार्य हुन्छ । बार्षिक नगद आम्दानी कम देखिए तापनि भौतिक सम्पतिहरु (खोर, माउ बाखा, अन्य उपकरण) को मूल्यको रुपमा हिसाव गर्दा राम्रै देखिन्छ ।

## सन्दर्भ सामग्री


- योगेन्द्र राउत (२०५३/०५४): बाखापालन (क) आहार व्यवस्थापन, पहाडी कवुलियती तथा चरन विकास आयोजना, पशु सेवा विभाग, हरिहरभवन ।
- कृषि संचार महाशाखा (०५४/०५५): बाखा पालन (पुस्तिका क्रम १३), हरिहरभवन
- कृषि डायरी (२०७२): कृषि सूचना तथा संचार केन्द्र, हरिहरभवन ।